# करैयामाई गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

करैया, बारा
प्रदेश नं. २, नेपाल

पत्र संख्याः ०७८/०७९
चलानी नं.: ८

मितिः २०७८/०४/०१

सूचना! सूचना!! सूचना!!!

**विषयः सामाजिक सुरक्षा परिचयपत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम (४) को उपनियम(१) मा सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहेका लाभग्राहीहरुले श्रावण महिना देखि भाद्र मसान्तभित्र देहाय बमोजिमका कागजातपत्रहरु संलग्न गरी सम्बन्धित वडा कार्यालयमा निवेदन दिई परिचयपत्र नवीकरण गराउनु हुनको लागि यो सूचना प्रकाशित गरिएको छ । साथै बालबालिका, आफ्नो हेरचाह आफै गर्न नसक्ने अशक्त असहाय भएका तथा ९० बर्ष माथिका जेष्ठ नागरिकहरुका हकमा निजका आमा, बुवा, माथवर वा स्यहार सुसार गर्ने व्यक्ति उपस्थित भई नवीकरण गरउन सकिने छ।

<u>आवश्यक कागजातपत्रहरु:</u>

* नागरिकता प्रमणपत्रको प्रतिलिपि,
* पासपोर्ट साइजको फोटो २ प्रति,
* सामाजिक सुरक्षा प्राप्त गरिरहेका परिचयपत्रको प्रतिलिपि/ व्यक्तिगत परिचयपत्र नं. उल्लेख भएको,
* बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
* अपाङ्गता भएका व्यक्तिको हकमा गा.पा. बाट जारी भएको अपाङ्तता परिचयपत्रको प्रतिलिपि तथा पूर्ण अपाङ्गताको हकमा संरक्षकको नागरिकताको प्रतिलिपि,
* असहाय एकल/विधवा महिलाको हकमा पतिको मृत्यु दर्तको प्रमणपत्रको प्रतिलिपि र ६० बर्ष उमेर पूरा नभएकी विधवा महिलाको अर्को बिहे नगरेको वडाको सिफारिसपत्र,
* सम्बन्ध बिच्छेद गरी अर्को विवाह नगरेकी ६० बर्षमाथि महिलाको हकमा सम्बन्ध बिच्छेद प्रमणपत्रको प्रमाणपत्रको प्रतिलिपि,
* न्यायिक पृथकीकरण गरी बसेका ६० वर्ष माथिका महिलाको हकमा न्यायिक पृथकीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
* आवश्यकता अनुसार बसाइसराइ दर्ता प्रमाणपत्र तथा विवाह दर्ता प्रमाणपत्रको प्रतिलिपि,

**नोटः- तोकिएको समयमा नवीकरण नगराएमा सामाजिक सुरक्षा भत्ता पाउनबाट बञ्चित हुनेछ।**

सुरेन्द्र प्रसाद यादव
प्रमुख प्रशासकीय अधिकृत